प्रति साधारण शेयर रु. १००/- अंकित दरमा प्रिमियम वापत रु.२०/- थप गरी जम्मा मुल्य रु.१२०/- अंकित दरका ४,०७,७०६ कित्ता शेयर मध्ये ८,१५४ कित्ता (२ प्रतिशत) कर्मचारीहरुलाई र २०,३८५ कित्ता (५ प्रतिशत) सामूहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी ३७९,१६७ कित्ता साधारण शेयरहरुको सार्वजनिक निष्काशन गरिएको ।

साधारण शेयरको बिक्री खुल्ला अवधिः

निष्काशन खुल्ला मिति :	२०७७/१२/२० गते
निष्काशन बन्द हुने मिति (छिटोमा):	२०७७/१२/२४ गते (बैंकिङ्ग समय पश्चात्)
निष्काशन बन्द हुने मिति (ढिलोमा):	२०७८/०१/०३ गते (बैंकिङ्ग समय पश्चात्)

दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्या : १० कित्ता

दरखास्त दिन पाउने अधिकतम शेयर संख्या : सम्पूर्ण कित्ता

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

रु रु जलविद्युत परियोजना लिमिटेड

Ru Ru Jalbidhyut Pariyojana Ltd.

HYDROPOWER

वडा नं. १, हात्तिसार, काठमाडौं, नेपाल, फोन नं. : ९७७-०१-४४१९३९३, ४४१९३९४
वेबसाइटः www.ruruhydro.com इमेलः ruruhydro@gmail.com

आह्वान-पत्र

विवरण	वास्तविक (रु.हजारमा)			प्रक्षेपित** (रु.हजारमा)		
	आ.व.२०७४/०७५	आ.व.२०७५/०७६	आ.व.२०७६/०७७	आ.व.२०७७/०७८	आ.व.२०७८/०७९	आ.व.२०७९/०८०
सञ्चित नाफा/नोक्सान	३२,६४०	३५,६७४	६१,४४७	७७,०६०	९९,७५१	११६०८७
प्रति शेयर नेटवोर्थ (रु.)	११०.०१	११०.९४	११८.८४	१२०.९०	१२६.४७	१३०.४७
प्रति शेयर आम्दानी (रु.)	१०.४६	१०.९३	१७.९०	१४.३६	१५.५७	१४.०१
नेटवोर्थमा प्रतिफल (%)	९.५१%	९.८५%	१५.०६%	११.८७%	१२.३१%	१०.७४%

प्रति मेगावाट तथा कूल लागत सम्बन्धी विवरण

संगठित संस्थाको वित्तीय विवरण अनुसार प्रति मेगावाट लागत रू.१४८,९०४,३८२ र आयोजनाको कुल लागत रू.७४४,५२१,९१० रहेको छ ।

विद्युत उत्पादन अनुमति पत्र बाँकी अवधि सम्बन्धी विवरण:

अनुमतिपत्र बहाल रहने अवधि मिति २०६९/०४/३० देखि २१०४/०४/२९ सम्म रहेकोले २७ वर्ष बाँकी रहेको छ ।

लगानी फिर्ता हुने अवधि (Pay Back Period) सम्बन्धी विवरण

साधारण लगानी फिर्ता अवधि ५.२४ वर्ष तथा डिस्काउन्टेट लगानी फिर्ता अवधि ८.४२ वर्ष रहेको छ ।

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७७/१०/२१, तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७७/१०/२७ ।

१. कम्पनीको नाम :
रु रु जलविद्युत परियोजना लिमिटेड (Ru Ru Jalbidhyut Pariyojana Limited)

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :

यस रु रु जलविद्युत परियोजना लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६२/१२/०९ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेडको रूपमा दर्ता भई मिति २०७२/०४/०७ गते पब्लिक लिमिटेडको रुपमा परिणत भएको हो ।

३. कम्पनीको रजिष्टर्ड ठेगाना :

यस कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १ हात्तिसारमा रहेको छ । सम्बन्धित निकायको स्वीकृति प्राप्त गरी अन्य विभिन्न स्थानहरुमा शाखा कार्यालय खोल्न वा रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सकिनेछ ।

४. जलविद्युत केन्द्र :

यस कम्पनीको कारोबार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा. वडा नं १, हात्तिसार, काठमाडौं र आयोजना स्थल, जलविद्युत उत्पादन केन्द्र तथा अन्य भौतिक पूर्वाधारहरु गुल्मी जिल्ला, चन्द्रकोट गाउँपालिका (साविकको डिबरुङ्ग गा.वि.स., बिसुखर्क गा.वि.स., हर्राचौर गा.वि.स., शान्तिपुर गा.वि.स., ग्वाघा गा.वि.स., हर्वेवा गा.वि.स., रुपाकोट गा.वि.स. र तुरान गा.वि.स.) छत्रकोट गाउँपालिकाको वडा नं. २ (साविकको पल्लिकोट गा.वि.स.), गुल्मी दरबार गाउँपालिकाको वडा नं २ (साविकको बिरबास गा.वि.स.) र गुल्मी दरबार गाउँपालिकाको वडा नं. ४ (साविकको जुगुम गा.वि.स.) मा रहेको छ ।

५. कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

१. रु रु जलविद्युत परियोजना कम्पनी ऐन २०६३ बमोजिम मिति २०६२/१२/०९ मा प्राइभेट लिमिटेडको रुपमा दर्ता भई मिति २०७२/०४/०७ मा प्राइभेट लिमिटेडबाट पब्लिक लिमिटेडमा परिणत भई दर्ता भएको हो ।

२. कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको रु रु जलविद्युत परियोजना लिमिटेडले लुम्बिनी अञ्चल गुल्मी जिल्लामा अवस्थित हुग्दी खोलाको पानी प्रयोग गरी २,५०० किलोवाट क्षमताको माथिल्लो हुग्दी खोला जलविद्युत आयोजनाको सर्वेक्षणको लागि विद्युत ऐन, २०४९ बमोजिम विद्युत उत्पादन सर्वेक्षण अनुमति पत्र मिति २०६३/०३/२६ गते प्राप्त गरिसकेको छ । सो आयोजनाको निर्माण तथा संचालनको लागि सो ऐनमा व्यवस्था भए अनुसार विद्युत उत्पादन अनुमतिपत्र प्राप्त गरी उक्त आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति नेपाल विद्युत प्राधिकरणलाई प्रसारण प्रणाली भएको ठाउँमा पुऱ्याई बिक्री गर्ने, प्राधिकरणले पनि उक्त आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति खरीद गर्ने सम्झौता मिति २०६६ साल असोज ४ गते भईसकेको छ । माथिल्लो हुग्दी खोला जलविद्युत आयोजनाको क्षमता २,५०० किलोवाटबाट ५,००० किलोवाट कायम गरी मिति २०६७/१२/१८ मा पहिलो संशोधन भएको छ ।

३. रु रु जलविद्युत परियोजना लिमिटेडबाट निर्माण एवं प्रबर्दन गरेको माथिल्लो हुग्दी जलविद्युत आयोजनाको लागि मिति २०६९/०४/३० मा विद्युत उत्पादन अनुमति प्राप्त गरेको र उक्त अनुमति बहाल रहने अवधि मिति २०६९/०४/३० देखि २१०४/०४/२९ सम्म रहने छ ।

४. रु रु जलविद्युत परियोजना लिमिटेडबाट निर्माण एवं प्रबर्दन गरेको माथिल्लो हुग्दी खोला जलविद्युत आयोजनाको ३३ के.भी. विद्युत प्रसारण लाइन आयोजनाको लागि उर्जा मन्त्रालय विद्युत विकास विभागबाट प्राप्त विद्युत प्रशारण अनुमति पत्र मिति २०७१/०५/२६ मा प्राप्त गरी सो अनुमति पत्र मिति २०७१/०५/२६ देखि २०९६/०५/२५ सम्म बहाल रहने छ ।

५. गुल्मी जिल्लाको चन्द्रकोट गाँउपालिका वडा नं ४,६,७, र ८ मा निर्माण सम्पन्न ५ मेगावाट क्षमताको माथिल्लो हुग्दी जलविद्युत आयोजनाको विद्युत गृह/स्वीचवार्ड देखि सोही जिल्लामा निर्माण भएको ३३ के.भी. प्रशारण लाइनको बिरवास सवस्टेसनसम्म विद्युत प्रशारण लाइन मार्फत विद्युत आपूर्ति भइरहेको छ ।

६. यस कम्पनीको कुल लागत रु. ७४,४५,२१,९१० रहेको र प्रति मेगावाट रु. १४,८९,०४,३८२ रहेको छ ।

७. हाल यस कम्पनीमा ९६४ जना संस्थापक शेयरधनीहरु रहेका छन् । कम्पनीको प्रबन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ८० प्रतिशत संस्थापक शेयर, १० प्रतिशत आयोजना प्रभावित क्षेत्रका वासिन्दा र १० प्रतिशत सर्वसाधारण शेयरधनीहरको लागि छुट्टाई बाँडफाँड गर्ने व्यवस्था रहेको छ ।

८. कम्पनीको हालको अवस्था :
गुल्मी जिल्लाको चन्द्रकोट गाँउपालिकामा निर्माण गरिएको ५ मेगावाट क्षमताको परियोजाना रु रु जलविद्युत परियोजनाका नामले परिचित यस परियोजनाले मिति २०७१/१२/०९ बाट व्यवसायिक उत्पादन शुरु गरी हाल सम्म जलविद्युतको राष्ट्रिय आवश्यकतामा थोरै भएपनि योगदान गर्न सफल भएको छ । परियोजनाको हालसम्मको अवस्था अत्यन्तै राम्रो रहेको छ जुन कुरा परियोजनाले इक्रा रेटिङ्ग लि. नेपालबाट प्राप्त गरेको रेटिङ्गको ग्रेडले समेत प्रष्ट पार्दछ । आर्थिक, सामाजिक तथा प्राविधिक दृष्टिकोणबाट कुनै समस्या नरहेको यस परियोजनामा जडान गरिएका उपकरणहरु पनि राम्रो अवस्थामा रहेका छन् । वर्षायाममा खोलामा पानीको मात्रा बढी भई हाल आयोजनाले प्रतिदिन औषत ४.३६ मेगावाट विद्युत उत्पादन गरिरहेको छ । आयोजनाले आ.व. २०७७/७८ को आश्विन मसान्तसम्ममा कुल रु. ५,१२,४८,४७६/९६ रकम बराबरको विद्युत उत्पादन गरी प्राधिकरणलाई बिक्रि गरेको अवस्था छ जुन गत आ.व.को तुलनामा रु. ४,६६,६२९.६३ ले बढि हो । यो संगै कम्पनीका अन्य वित्तीय परिसुचकहरु पनि सकारात्मक रहेका छन् ।

संगठित संस्थाका माथिल्लो हुग्दी खोला जलविद्युत आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :
विद्युत परियोजनाको नाम : माथिल्लो हुग्दी खोला जलविद्युत आयोजना
आयोजना स्थल : प्रदेश ५, लुम्बिनी अञ्चल, गुल्मी जिल्लाको चन्द्रकोट गाउँपालिका वडा नं. ६ र ७
श्रोत नदी : हुग्दी खोलाको पानी
आयोजनाको किसिम : रन अफ रिभर
विद्युत उत्पादन अनुमति प्राप्त मिति : २०७०/१२/०९
विद्युत उत्पादन अनुमति बहाल रहने मिति : २०६९/०४/३० देखि २१०४/०४/२९
जडित क्षमता : ५.०० मेगावाट
आयोजनाको कुल लागत : रु. ७४४,५२१,९१०/-
आयोजनाको प्रति मेगावाट लागत : रु. १४८,९०४,३८२/-
आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि : ५.२४ वर्ष
आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि : ८.४२ वर्ष

Pay Back Period, Internal Rate of Return (IRR) and Net Present Value (NPV)

विवरण	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	२०८०/८१	२०८१/८२	२०८२/८३	२०८३/८४	२०८४/८५	२०८५/८६	२०८६/८७
संचालनको वर्ष	०	१	२	३	४	५	६	७	८	९	१०
लागत	(६०२,१५६)	-	-	-	-	-	-	-	-	-	-
कर पछिको आम्दानी	५८,३८९	५८,५२९	६३,४९३	५७,१३७	६२,६३९	६०,७५६	५३,८१९	५२,०२६	४९,९६२	४७,६६७	४३,०१९
Terminal Value	-	-	-	-	-	-	-	-	-	-	४३०,१९०
ह्रासकट्टी र परिशोधन	२२,६४४	२२,७१३	२२,७१२	२२,७१३	२२,७१२	२२,३६८	२२,२७८	२२,२७७	२२,२०७	२२,१०३	२२,१०४
वित्तीय लागत	३६,५८१	२४,४६९	१३,८७३	८,७५९	३,०२६	-	-	-	-	-	-
लाभ (लागत)	(४८४,५४२)	१०५,७११	१००,०७८	८८,६०९	८८,३७७	८३,१२४	७६,०९७	७४,३०३	७२,१६९	६९,७७०	४९५,३१३
Cumulative Simple Benefit (Cost)	(४८४,५४२)	(३७८,८३१)	(२७८,७५३)	(१९०,१४४)	(१०१,७६७)	(१८,६४३)	५७,४५४	१३१,७५७	२०३,९२६	२७३,६९६	७६९,००९
Discount Factor	१.००००	०.९०९१	०.८२६५	०.७५१४	०.६८३१	०.६२१०	०.५६४५	०.५१३२	०.४६६५	०.४२४१	०.३८५५
Present Value	(४८४,५४२)	९६,१०२	८२,७१४	६६,५८१	६०,३७०	५१,६२०	४२,९५७	३८,१३२	३३,६६७	२९,५८९	१९०,९४३
Cumulative Present Value	(४८४,५४२)	(३८८,४४०)	(३०५,७२६)	(२३९,१४५)	(१७८,७७५)	(१२७,१५५)	(८४,१९८)	(४६,०६६)	(१२,३९९)	१७,१९०	२०८,१३३

Discount Rate	10.00%

Pay Back Period

Simple	5.24 Years
Discounted	8.42 Years

Internal Rate Of Return (IRR)	17.69%
Net Present Value (NPV)	NRs 2,08,133

Thousands

कम्पनीले पहिचान गरी विकास निर्माण प्रारम्भ गरेको गुल्मी जिल्लाको चन्द्रकोट गाउँपालिकामा ५ मेगावाट क्षमताको माथिल्लो हुग्दी खोला जलविद्युत आयोजनाको सम्पूर्ण निर्माण कार्य सम्पन्न भई आयोजन संचालन भैरहेको छ ।

कम्पनी र नेपाल विद्युत प्राधिकरणबीच सम्पन्न विद्युत खरीद-बिक्री सम्झौताका (संशोधन समेत) मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :

- माथिल्लो हुग्दी खोला जलविद्युत आयोजनाबाट वार्षिक २,८२,६०,०६६ किलोवाट घण्टा विद्युत उत्पादन तथा बिक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । यसमा वर्षायामको लागि २,२७,७०,४४१ किलोवाट घण्टा र सुख्खायामको लागि ५४,८९,६६५ किलोवाट घण्टा निर्धारण गरिएको छ ।
- प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्याक्ट इनर्जीको परिमाण सम्मको Availability Declaration अनुसारको इनर्जी खरीद गरी लिनेछ । यस अनुसार प्राधिकरणले लिनु पर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा विद्युत खरीद सम्झौताको अनुसूची ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ ।
- कन्ट्याक्ट इनर्जी वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटि छ सो को ८० प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नुपर्नेछ । प्राधिकरणको कारण वा Schedule Outage वा काबु बाहिरको परिस्थितिको कारण बाहेक अन्य कारणले यसरी तोकिएको परिमाणसम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नु पर्नेछ ।

  क्षतिपूर्ति रकम
  = रु [०.८* सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति हुनु पर्ने बढीमा कन्ट्याक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा - सोही महिनामा कम्पनीले उपलब्ध गराएको उर्जा - सोही अवधिमा प्राधिकरणले वा Schedule Outage वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा]* सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरीद दर;
  यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शून्य मानिने छ ।
  क्षतिपूर्ति रकम बील रकम भन्दा बढी भएमा बील रकम भन्दा बढी भएको क्षतिपूर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्न पर्ने छैन ।
  माथि उल्लेख भए अनुसार प्राधिकरणले कम्पनीलाई वा कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति तिर्ने व्यवस्था आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मिति देखि लागू हुनेछ ।
- प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्याक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरीद वापत वर्षायाममा प्रति कि.वा. घण्टा रु. ४/- (चार रुपैंया मात्र) र सुख्खायाममा प्रति कि.वा. घण्टा रु. ७/- (सात रुपैंया मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तिय संस्थालाई बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु हुने मितिलाई आधार वर्ष मानी त्यसपछिको प्रत्येक आर्थिक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले नौ (९) पटकसम्म मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।
-

आर्थिक वर्ष	सुख्खायाम (पौषदेखि चैत्रसम्म) (रु. प्रति युनिट)	वर्षायाम (वैशाख देखि मार्गसम्म) (रु. प्रति युनिट)
व्यापारिक उत्पादन शुरु हुने मिति (COD)	७.००	४.००
COD पछिको पहिलो आर्थिक वर्ष	७.२१	४.१२
COD पछिको दोश्रो आर्थिक वर्ष	७.४२	४.२४
COD पछिको तेश्रो आर्थिक वर्ष	७.६३	४.३६
COD पछिको चौथो आर्थिक वर्ष	७.८४	४.४८
COD पछिको पाँचौ आर्थिक वर्ष	८.०५	४.६०
COD पछिको छैठौं आर्थिक वर्ष	८.२६	४.७२
COD पछिको सातौं आर्थिक वर्ष	८.४७	४.८४
COD पछिको आठौं आर्थिक वर्ष	८.६८	४.९६
COD पछिको नवौं आर्थिक वर्षदेखि सम्झौता अवधिसम्म	८.८९	५.०८

- नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा (Excess Energy) को हकमा मिति २०७१/०७/१३ मा भएको विद्युत खरीद बिक्री सम्झौता (संशोधित) को दफा १२.१ मा उल्लेख भए अनुसार माथि दोश्रो तालिकामा उल्लेखित संशोधित विद्युत खरीद दरको ५०% दरमा कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।
- कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजारहरू तथा अन्य उपकरणहरुको पुनर्स्थापना मूल्यभन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका वीमाहरू गरेको छ ।
- मिति २०७२/०६/०७ मा नेपाल विद्युत प्राधिकरण र रु रु जलविद्युत परियोजना प्रा.लि. बीच माथिल्लो हुग्दी खोला जलविद्युत आयोजनाबाट उत्पादन हुने विद्युत खरीद - बिक्रीको सुविधा सम्बन्धी सम्झौता, २०७२ को बुँदा नम्बर ४ मा विद्युत खरीद दर “सुचिकृत दर (Posted Rate)” सम्बन्धी मूल्यबृद्धि निम्न तालिकामा व्यवस्था निम्नानुसार हुनेछ :

अवधि PCOD बाट सात वर्षसम्म PCOD लाई आधार मिति मानी लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरी	सुख्खायाम (पौषदेखि चैत्रसम्म) (रु. प्रति युनिट)	वर्षायाम (वैशाख देखि मार्गसम्म) (रु. प्रति युनिट)
पहिलो महिनादेखि १२ औं महिनासम्म	८.४०	४.८०
१३ औं महिनादेखि २४ औं महिनासम्म	८.६५	४.९४
२५ औं महिनादेखि ३६ औं महिनासम्म	८.९०	५.०९
३७ औं महिनादेखि ४८ औं महिनासम्म	९.१६	५.२३
४९ औं महिनादेखि ६० औं महिनासम्म	९.४१	५.३८
६१ औं महिनादेखि सुविधा सम्बन्धी सम्झौताको अधिनमा रही विल भुक्तानी गर्ने महिनासम्म	९.६६	५.५३

कम्पनीले साविकको सम्झौतामा व्यवस्था भए बमोजिम साविकको खरिद दर अनुसार तथा सुचिकृत दर (Posted Rate) अनुसार थप हुन जाने रकमको लागि छुट्टाछुट्टै विल (Invoice) पेश गर्नुपर्नेछ । प्राधिकरणले पनि साविकको लागि प्राप्त भएको विलको साविककै PPA अनुसार र सूचिकृत दर अनुसार थप हुन जाने रकमको यस सुविधा सम्बन्धी सम्झौताको अधिनमा रही विल भुक्तानी गर्नेछ ।

कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम यस कम्पनीका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छ :
(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरीद बिक्री गर्ने वा भाडामा लिई प्रयोग गर्ने,
(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने
(ग) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने,
(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक तथा कुनै वित्तीय संस्थाबाट धितो राखी वा नराखी कर्जा लिने,
(ङ) अन्य आवश्यक कुराहरु :
  १) कम्पनीले आवश्यक घर, गोदाम, तथा अन्य चल अचल सम्पत्ति आदि लीज वा भोग बन्धकीमा लिने, निर्माण गर्ने, मर्मत-संभार गर्न सक्नेछ,
  २) कम्पनीलाई आकस्मिक क्षतिबाट बचाउन कम्पनीको मेसिनरी, भवन लगायत सबै प्रकारका सम्पत्तिहरुको आवश्यकतानुसार बीमा गराउने,
  ३) कम्पनीको नाममा नेपाल अधिराज्यको कुनै पनि वित्तीय संस्था तथा बैंकहरुमा कम्पनीको नाममा खाता खोली रकम जम्मा गर्ने, झिक्ने, विल अफ एक्सेन्ज, प्रोमिशरी नोट, चेक आदी जारी गर्ने भुक्तानी लिने, दिने, एल.सि.खोल्ने, मन्जुर गर्ने यस्तै प्रकारका अन्य आवश्यक कामहरु गर्ने,
  ४) कम्पनीको लागि प्राप्त हुन सक्ने सबै प्रकारका सुविधा, सहुलियत प्राप्त गर्न नेपाल सरकारको कार्यालयहरु सँग अनुरोध गर्ने, यसको हक र सुविधा उपलब्ध गर्ने र उपयोग गर्ने,
  ५) कम्पनीको तर्फबाट वा कम्पनी विरुद्ध परेका मुद्दा मामिलाहरुको पुर्पक्ष गर्ने, प्रतिरक्षा गर्ने, लिखित जवाफ पेश गर्ने, यस सम्बन्धमा आवश्यक कानूनी सेवा प्राप्त गरी आफ्नो हक अधिकारको संरक्षण गर्ने, सहुलियत सुविधालाई सुरक्षित राख्ने,
  ६) कम्पनीलाई आवश्यक पर्ने प्राविधिक, आर्थिक कानुनी लगायतका सल्लाहकार नियुक्ति गर्ने र उनीहरुको सेवाको शर्तहरु निर्धारण गर्ने,
  ७) कम्पनीको आफ्नो लक्ष्य र उद्देश्य प्राप्त गर्ने विभिन्न सञ्चारका माध्यमहरुबाट विज्ञापन सूचना आदि प्रचार-प्रसार गर्ने, गराउने,
  ८) कम्पनीले आवश्यकता अनुसार चल अचल सम्पत्ति खरीद गर्ने, आफ्नो नामको जग्गाहरु बिक्री गर्ने, भाडामा दिने, सट्टापट्टा गर्ने एवं धितो बन्धक राख्ने,
  ९) प्रचलित कानूनको अधिनमा रही स्वीकृत लिनुपर्ने विषयमा स्वीकृत लिई कम्पनीको उद्देश्य पूर्तिको लागि आवश्यक सम्झौताहरु गर्ने,
  १०) अन्य आवश्यक कुराहरु संचालक समिति र साधारण सभाले कम्पनी ऐन एंव प्रचलित कानूनको अधिनमा रही समय समयमा निर्णय गरे बमोजिम हुनेछ ।

६. धितोपत्र जारी गर्नुको उद्देश्य :

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भए अनुसार यस विवरणपत्र मार्फत कम्पनीले आफ्नो जारी पूँजीको १० प्रतिशत अर्थात रु. ४,०७,७०,५००/- रकम बराबरको रु. १००/- अंकित दरका ४०७,७०५ कित्ता साधारण शेयर आयोजना प्रभावित क्षेत्र गुल्मी जिल्लाका स्थानीय बासिन्दाहरुका लागि र जारी पूँजीको १०% अर्थात रु. ४,०७,७०,६००/- रकम बराबरको रु. १००/- अंकित दरमा प्रिमियम वापत रु. २०/- थप गरी जम्मा मुल्य रु. १२०/- मा ४,०७,७०६ कित्ता सर्वसाधारणहरुको लागि लगानीको अवसर दिई कम्पनीको प्रबन्धपत्रमा भएको व्यवस्था अनुसारको पूँजी संरचना कायम गर्न ८,१५,४११ कित्ता शेयर निष्काशन गर्न लागिएको हो । निष्काशनबाट प्राप्त रकम आयोजनाको कर्जा भुक्तानीका लागि प्रयोग गरिने मुख्य उद्देश्य रहेको छ ।

७. कम्पनीको पूँजी संरचना सम्बन्धी विवरण :

अधिकृत पूँजी : कम्पनीको अधिकृत पूँजी रु. ५०,००,००,०००/- (अक्षरेपी पचास करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ५०,००,००० (पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
जारी पूँजी : कम्पनीको तत्काल जारी गर्ने शेयर पूँजी रु. ४०,७७,०५,५००/- (अक्षरेपी चालिस करोड सतहत्तर लाख पाँच हजार पाँच सय मात्र) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ४०,७७,०५५ (चालिस लाख सतहत्तर हजार पचपन्न) थान शेयरमा विभाजन गरिएको छ ।
चुक्ता पूँजी: कम्पनीको चुक्ता पूँजी रु. ३२,६१,६४,४००/- (अक्षरेपी बत्तीस करोड एकसठ्ठी लाख चौसठ्ठी हजार चार सय रुपैंया मात्र) रहेकोमा आयोजना प्रभावित क्षेत्रका स्थानीयहरुलाई शेयर बाँडफाँड गरे पश्चात हाल कम्पनीको चुक्ता पूँजी रु. ३६,६९,३४,९००/- (अक्षरेपी छत्तीस करोड उनन्सत्तरी लाख चौंतिस हजार नौ सय रुपैंया मात्र) छ । उक्त पूँजीलाई रु. १००/- का दरले ३६,६९,३४९ (छत्तीस लाख उनन्सत्तरी हजार तीन सय उनन्पचास) थान शेयरमा विभाजन गरिएको छ । यस विवरण पत्र मार्फत रु. ४,०७,७०,६००/- (चार करोड सात लाख सत्तरी हजार छ सय मात्र) रकम बराबरको ४,०७,७०६ कित्ता शेयर सर्वसाधारणलाई निष्काशन गरी बाँडफाँड पश्चात कम्पनीको चुक्ता रकम रु. ४०,७७,०५,५००/- (अक्षरेपी चालिस करोड सतहत्तर लाख पाँच हजार पाँच सय मात्र) हुनेछ ।

८. निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :

साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् हुने कम्पनीको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छः

समूह	शेयरधनीहरु	साधारण शेयर संख्या	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	३२,६१,६४४	८०%	३२,६१,६४,४००/-	शत प्रतिशत
ख	आयोजना प्रभावित क्षेत्रका बासिन्दा शेयरधनीहरु	४,०७,७०५	१०%	४,०७,७०,५००/-	शत प्रतिशत
ग	सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित)	४,०७,७०६	१०%	४,०७,७०,६००/-	निष्काशन पश्चात शत प्रतिशत हुने
	जम्मा	४०,७७,०५५	१००%	४०,७७,०५,५००/-	शत प्रतिशत

९. आधारभूत/संस्थापक/सञ्चालक सम्बन्धी विवरण :

आधारभूत शेयरधनीको विवरण

क्र.सं.	नाम र ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१	श्री भरत प्रसाद नेपाल देउराली-३, पाल्पा	सञ्चालक	५८	नेपाली	४,८५,०५० कित्ता	स्नातक	लुम्बिनी सुगर मिलसमा १९९३ देखि २००७ सम्म १४ वर्ष सिनियर प्रशासन प्रमुखको अनुभव ।
२	पुर्वान्चल इनभेष्टमेन्ट एण्ड डेभलपमेन्ट प्रा.लि. विर्तामोड-२, झापा	आधारभूत शेयरधनी	लागू नहुने	नेपाली	४३,६०० कित्ता	लागू नहुने	लागू नहुने
३	सावित्री अधिकारी धादिङ्ग, धुवाकोट-८	आधारभूत शेयरधनी	४४	नेपाली	४६,८७० कित्ता	एसएलसी	गृहिणी
४	तारा प्रसाद संजेल अर्जुनधरा-५, झापा	आधारभूत शेयरधनी	७०	नेपाली	५४,५०० कित्ता	बि.एड.	निवृत्त शिक्षक भानु उच्च मा.वि., झापा
५	हरी प्रसाद निरौला अर्जुनधरा-५, झापा	आधारभूत शेयरधनी	७०	नेपाली	५४,५०० कित्ता	आई ए.	समाजसेवी
६	डम्बर ब. देउजा अर्जुनधरा-५, झापा	आधारभूत शेयरधनी	५५	नेपाली	५४,५०० कित्ता	प्रविणता प्रमाण-पत्र तह	बहालवाला शिक्षक पञ्च रत्न मा.वि., झापा
७	आदर्श नागरिक इनभेष्टमेन्ट कम्पनी प्रा.लि. बुटवल-८, रुपन्देही जिल्ला	आधारभूत शेयरधनी	लागू नहुने	नेपाली	६६,४९० कित्ता	लागू नहुने	लागू नहुने
८.	डा.संदिप शाह का.म.न.पा.-१०, काठमाण्डौ जिल्ला	आधारभूत शेयरधनी	५१	नेपाली	४९,०५० कित्ता	पि.एच.डि.	विभिन्न स्वदेशी तथा विदेशी जलविद्युत् आयोजनाको अध्ययन, निर्माण तथा संचालनको अनुभव । सञ्चालक - बुटवल पावर कम्पनी लि.
९.	एकराज पाण्डे मदानपुर-६, नुवाकोट जिल्ला	आधारभूत शेयरधनी	४५	नेपाली	१,२७,५३० कित्ता	बि.कम	व्यवसायमा संलग्न
१०.	निरा अर्याल का.म.न.पा.-५, काठमाण्डौ जिल्ला	आधारभूत शेयरधनी	४३	नेपाली	८१,७५० कित्ता	बि.ए	गृहिणी

संचालकहरुको विवरण

क्र.सं.	नाम र ठेगाना	पद	उमेर (वर्ष)	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव		प्रस्तावित व्यापार/व्यवसायमा अनुभव
							सम्बन्धित	अन्य	
१	श्री आशिष सुवेदी का.म.न.पा.-१, काठमाडौं जिल्ला	सञ्चालक	४५	नेपाली	१०,९००	एम.एस.सि. हाइड्रोपावर डेभलपमेन्ट	आयोजना व्यवस्थापन, करार व्यवस्थापना, जलविद्युत योजना तर्जुमा गर्ने,	कंक्रिट व्यवसायमा संलग्न	नभएको
२	श्री भरत प्रसाद नेपाल देउराली-३, पाल्पा	सञ्चालक	५८	नेपाली	४,८५,०५०	स्नातक	-	लुम्बिनी सुगर मिलसमा १९९३ देखि २००७ सम्म १४ वर्ष सिनियर प्रशासन प्रमुखको अनुभव	नभएको
३	श्री मिन राज कडेंल बेनीघाट-१, धादिङ्ग जिल्ला	सञ्चालक	६२	नेपाली	१०,९००	बि.ए., बि.एड.	-	राष्ट्रिय सहकारी महासंघ, फुल्चोक, ललितपुर - अध्यक्ष	नभएको
४	श्री गम प्रसाद रेश्मी बुटवल-१०, रुपन्देही जिल्ला	सञ्चालक	६०	नेपाली	५,४५०	डिप्लोमा ईन इन्जिनियरङ	-	साकुरा पाइप उद्योग प्रा.लि.मा संचालक २०६६/१२/१७ देखि सञ्चालनमा	नभएको
५	श्री चन्द्र बहादुर पुन शंकरनगर-६, रुपन्देही जिल्ला	सञ्चालक	५७	नेपाली	२,१८०	राजनिती शास्त्रमा स्नाकोत्तर	-	रिटायर्ड आर्मी कर्नेल अफिसर	नभएको

यस कम्पनीको अध्यक्षको रुपमा श्री आशिष सुवेदी कार्यरत रहनु भएको छ । का.म.न.पा.-१, काठमाडौं स्थायी बसोबास रहनु भएका श्री आशिष सुवेदीले स्नाकोत्तरसम्मको शैक्षिक योग्यता हासिल गर्नुभएको छ ।

१०. उच्च ब्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

क्र.सं.	कर्मचारीको नाम	पद	योग्यता	कार्यानुभव
१	श्री बलदेव बलामी	व्यवस्थापन प्रमुख	स्नातक	• प्रबन्धक - आकृती बहुउद्देशीय सहकारी संस्था लि. मा ५ वर्षको कार्यानुभव । • प्रशासन तथा लेखा प्रमूख - युनिटेक नेटवर्क प्रा.लि Wi -Max "Bundling Partner of Nepal Telecom" मा २ वर्षको कार्यानुभव ।
२	श्री गोविन्द चालिसे	टेक्निकल सल्लाहकार (आंशिक समय मात्र)	स्नातक (इन्जिनियरिङ्ग) स्नाकोत्तर ब्यबस्थापन	• योजना प्रबन्धक : सोलुखोला (दुधकोशी) हाइड्रोइलेक्ट्रिक आयोजना (८६ मेगावाट) • योजना प्रबन्धक : BheriBabai Diversion Multipurpose Project, Component B- Hydropower (48MW) • योजना प्रबन्धक : Tadi HPP (5MW) • Site In-charge: Middle Marsyangdi Hydroelectric Project (70MW)
३	श्री विष्णु प्रसाद पाण्डे	उपकरण प्रबन्धक (Plant Manager)	स्नातक	• नेपाल हाइड्रोमा र Engineering Works मा छ महिनाको कार्यनुभाव । • Jidco मा व्यापार शिक्षकको रुपमा १ वर्षको कार्यानुभव । • बुटवल पावर कम्पनी लिमिटेड-टेक्निकल अधिकृत र Plant Manager को रुपमा मा १८ वर्षको कार्यानुभव ।

११. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

यस कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार देहाय बमोजिम प्रतिनिधित्व हुने गरी ७ (सात) जना सञ्चालक रहेको एक सञ्चालक समिति हुनेछ । जसमध्ये १ जना महिला सञ्चालक अनिवार्य रहनु पर्नेछ ।

संस्थापक समूहका शेयरधनीहरुबाट निर्वाचित	५ (पाँच) जना
सर्वसाधारण समूहका शेयरधनीहरुबाट निर्वाचित	१ (एक) जना
स्वतन्त्र सञ्चालक	१ (एक) जना

नोटः हाल यस कम्पनीमा सर्वसाधारण समूह तथा स्वतन्त्र सञ्चालक समेत गरी दुई जना सञ्चालकको पद रिक्त रहेको छ ।

सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।
यस कम्पनीको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार कम्पनीको सञ्चालक पदमा नियुक्त हुनको लागि कुनैपनि शेयरधनीले आफ्नो नाममा १०० (एक सय) कित्ता शेयर लिएको हुनुपर्नेछ । तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

१२. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनीका कारोबारको सम्बन्धमा शेयरधनीहरुको दायित्व निजले खरीद गरेको वा खरीद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सिमित रहनेछ ।
तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेश्रो पक्षसंग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागू हुने छैन ।

१३. सञ्चालन अवधि तीन बर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भई नसकेको अवस्थामा संचालन अवधिभरको लेखा परीक्षण भएको वासलात, नाफा-नोक्सान सहितको संक्षिप्त विवरण :

वासलात (रु.हजारमा)

विवरण	वास्तविक			*आ.व.२०७७/७८ पौष मसान्त अपरिष्कृत	प्रक्षेपित**		
	आ.व. २०७४/७५	आ.व. २०७५/७६	आ.व. २०७६/७७		आ.व. २०७७/७८	आ.व. २०७८/७९	आ.व. २०७९/८०
सम्पत्ति							
गैर चालु सम्पत्ति							
सम्पत्ति, मेशिनरी तथा उपकरण	३,६००	३,४५७	३,१५२	२,८८६	२,५४३	१,९३४	१,३२५
अमूर्त सम्पत्तिहरु	६४३,२११	६२१,१०७	५९९,००४	५८७,९५२	५५५,८४९	५३३,७४६	५११,६४२
लगानी सम्पत्ति	-	-	६,५८४	६,५८४	३०,०००	३०,०००	१५,०००
पूर्व भुक्तानी	५१४	५१४	-	-	-	-	-
वित्तीय सम्पत्ति	-	-	-	-	-	-	-
व्यापार तथा अन्य प्राप्तीहरु/आसामीहरु	१४	१४	१४	-	१४	१४	१४
जम्मा गैर चालु सम्पत्ति (१)	६४७,३३८	६२५,०९२	६०८,७५२	५९७,४२२	५८८,४०६	५६५,६९४	५२७,९८१
चालु सम्पत्ति							
मौज्दात	२,८२२	४,४९५	२,७२०	५,११६	२,७७२	२,६८३	२,४९३
पूर्व भुक्तानी	३,३०८	११,६५४	६,०८८	६,१९६	६,०८८	६,०८८	६,०८८
वित्तीय सम्पत्ति	-	-	-	-			
नगद तथा नगद बराबर	१३,६२८	३४,५१२	१५,७५२	२६,६६९	२४,७८५	२०,३३२	१६,५०७
व्यापार तथा अन्य प्राप्तीहरु/आसामीहरु	६८,७५६	३५,४३४	६२,५५७	७५,८९६	४५,६८९	४२,०८७	४१,०७०
टर्म डिपोजिटमा लगानी	२०,०००	-	-	-	-	-	-
जम्मा चालु सम्पत्ति (२)	१०८,५१३	८६,०९४	८७,११६	११३,८७६	७९,३३४	७१,१९०	६६,१५८
जम्मा सम्पत्ति (१+२)	७५५,८५१	७११,१८७	६९५,८६९	७११,२९७	६६७,७४०	६३६,८८४	५९४,१३९
इक्विटी र दायित्वहरु							
इक्विटी							
शेयर पूँजी	३२६,१६४	३२६,१६४	३२६,१६४	३२६,१६४	४०७,७०६	४०७,७०६	४०७,७०६
रिजर्भ र सर्प्लस	३२,६३९	३५,६७४	६१,४४७	११६,३९६	७७,०६०	९९,७५१	११६,०८७
अग्रिम शेयर	-	-	-	-	८,१५४	८,१५४	८,१५४
जम्मा इक्विटी (३)	३५८,८०३	३६१,८३८	३८७,६११	४४२,५६१	४९२,९२०	५१५,६११	५३१,९४७
गैर चालु दायित्व							
वित्तीय दायित्व	-	-	-	-	-	-	-
सापटी	३४२,५४२	२८८,२३६	२३३,९२९	२०६,४२९	११७,२०८	५८,३६४	-
जम्मा गैर चालु दायित्व (४)	३४२,५४२	२८८,२३५	२३३,९२९	२०६,४२९	११७,२०८	५८,३६४	-
चालु दायित्व							
वित्तीय दायित्व	-	-	-	-	-	-	-
सापटी	५०,०००	५५,०००	६८,८०९	५५,०००	५५,०००	६०,०००	५९,६१३
कर्मचारी लाभ दायित्व	-	१,७८५	१,१९३	-	-	-	-
ट्रेड र अन्य दायित्व	४,५०५	४,३२९	४,३२७	७,३०८	२,६१२	२,९०९	२,५७९
जम्मा चालु दायित्व (५)	५४,५०४	६१,११३	७४,३२९	६२,३०८	५७,६१२	६२,९०९	६२,१९२
जम्मा इक्विटी र दायित्वहरु (३+४+५)	७५५,८५१	७११,१८७	६९५,८६९	७११,२९७	६६७,७४०	६३६,८८४	५९४,१३९

नाफा-नोक्सान हिसाब (रु.हजारमा)

विवरण	वास्तविक			*आ.व.२०७७/७८ पौष मसान्त अपरिष्कृत	प्रक्षेपित**		
	आ.व. २०७४/७५	आ.व. २०७५/७६	आ.व. २०७६/७७		आ.व. २०७७/७८	आ.व. २०७८/७९	आ.व. २०७९/८०
आम्दानी	१२२,१९७	१२३,५५२	१४६,६९३	९२,५३७	१३३,५०६	१२९,१६८	११९,९६२
बिक्री लागत	(३७,८३०)	(३९,१३३)	(४२,९२८)	(१८,८८५)	(४१,८६६)	(४३,१०७)	(४४,३५६)
कूल नाफा	८४,३६७	८४,४१९	१०३,७६४	७३,६५१	९१,६४०	८६,०६१	७५,६०६
वित्तीय आम्दानी	२,७६३	३,१७१	२५१	२९	१,४१३	२,२९६	१,७५७
वित्तीय लागत	(४४,६१२)	(४३,०१९)	(३६,५८१)	(१३,७२०)	(२४,४६९)	(१३,८७३)	(८,७५९)
अन्य आम्दानी	५	-	२२	-	२२	२२	२२
प्रशासनिक खर्च	(७,००४)	(७,४०१)	(७,२८५)	(३,८८२)	(७,९३८)	(८,५७४)	(९,२६६)
Impairment Losses	-	-	(५१४)	-	-	-	-
कर्पोरेट सामाजिक उत्तरदायित्व खर्च	-	-	-	-	(५८४)	(५८९)	(६४०)
कर र कर्मचारी वोनश अघिको नाफा	३५,५१८	३७,१७१	५९,६५६	५६,०७८	६०,०८४	६५,३४३	५८,७२०
कर्मचारी वोनश व्यवस्था	(७१०)	(७४३)	(१,१९३)	(१,१२२)	(१,२०२)	(१,३०७)	(१,१७४)
कर अघिको नाफा	३४,८०८	३६,४२७	५८,४६३	५४,९५७	५८,८८२	६४,०३६	५७,५४६
कर खर्च	-	-	-	(७)	(३५३)	(५७४)	(४३९)
यस वर्षको आयकर	(६९२)	(७७७)	(७५)	-	-	-	-
गत वर्ष समायोजन गरिएको कर	-	-	-	-	-	-	-
स्थगित कर आम्दानी/(खर्च)	-	-	-	-	-	-	-
खुद नाफा	३४,११६	३५,६५०	५८,३८९	५४,९५०	५८,५२९	६३,४६२	५७,१०७

विगत तथा आगामी तीन बर्षको नेटवर्थमा भएको औषत प्रतिफल

विवरण	वास्तविक (रु.हजारमा)			प्रक्षेपित (रु.हजारमा)**		
	आ.व. २०७४/७५	आ.व. २०७५/७६	आ.व. २०७६/७७	आ.व. २०७७/७८	आ.व. २०७८/७९	आ.व. २०७९/८०
चुक्ता पूँजी	३२६,१६४	३२६,१६४	३२६,१६४	४०७,७०६	४०७,७०६	४०७,७०६
सञ्चित नाफा/नोक्सान	३२,६४०	३५,६७४	६१,४४७	७७,०६०	९९,७५१	११६,०८७
शेयर प्रिमियम	-	-	-	८,१५४	८,१५४	८,१५४
जम्मा	३५८,८०४	३६१,८३८	३८७,६११	४९२,९२०	५१५,६११	५३१,९४७
अपलेखन हुन बाँकी खर्च	-	-	-	-	-	-
कुल नेटवोर्थ	३५८,८०४	३६१,८३८	३८७,६११	४९२,९२०	५१५,६११	५३१,९४७
शेयर संख्या ('००० मा)	३,२६२	३,२६२	३,२६२	४,०७७	४,०७७	४,०७७
प्रति शेयर नेटवोर्थ (रु.)	११०.०१	११०.९४	११८.८४	१२०.९०	१२६.४७	१३०.४७
खुद नाफा/नोक्सान	३४,११६	३५,६५०	५८,३८९	५८,५२९	६३,४६२	५७,१०७
प्रति शेयर आम्दानी (रु.)	१०.४६	१०.९३	१७.९०	१४.३६	१५.५७	१४.०१
नेटवोर्थमा प्रतिफल (%)	९.५१	९.८५	१५.०६	११.८७	१२.३१	१०.७४
प्रति शेयर चुक्ता पूँजी (रु.)	१००.००	१००.००	१००.००	१००.००	१००.००	१००.००

निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल (Minimum return on increased networth required to maintain pre issue EPS): **१५.५६%**

विगत ३ वर्षको नेटवर्थमा भएको औषत प्रतिफल : ११.४७%

* लेखापरीक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण ।
** प्रक्षेपित वित्तीय विवरण कम्पनी आफैले तयार पारेको हो र सो वित्तीय विवरणहरु पुनरावलोकन गरी ठीक छ भनी एस. आर. पाण्डे एण्ड कम्पनीका चार्टर्ड एकाउण्टेन्ट श्री सुदर्शन राज पाण्डेबाट प्रमाणित गरिएको छ ।

वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरु :

१. आम्दानी
यस कम्पनीको आम्दानी नेपाल विद्युत प्राधिकरणको सम्झौतापत्रमा भएको प्रति एकाई लागत अनुसार गणना गरिएको छ र सो को विवरण तल उल्लेख गरिएको छ :

	पौष - चैत्र	वैशाख - माघ
२०७७ वैशाख देखि २०७७ चैत्र मसान्तसम्म	रु.९.६६	रु.५.५२/किलोवाट घण्टा
२०७८ वैशाख देखि २०७८ चैत्र मसान्तसम्म	रु.९.६६	रु.५.५२/किलोवाट घण्टा
२०७९ वैशाख देखि २०७९ चैत्र मसान्तसम्म	रु.८.६८	रु.४.९६/किलोवाट घण्टा
२०८० वैशाख देखि २०८० चैत्र मसान्तसम्म	रु.८.८९	रु.५.०८/किलोवाट घण्टा
२०८१ वैशाख देखि २०८१ चैत्र मसान्तसम्म	रु.८.८९	रु.५.०८/किलोवाट घण्टा
२०८२ वैशाख देखि २०८२ चैत्र मसान्तसम्म	रु.८.८९	रु.५.०८/किलोवाट घण्टा

२. अन्य ब्याज आम्दानी
कम्पनीले आफ्नो नगद रुपैंया मुद्दती/कल खातामा लगानी गरी औषतमा वार्षिक २ प्रतिशत नगद र नगद बराबर तथा ६ प्रतिशत मुद्दती खाताको ब्याज आम्दानी प्राप्त गर्ने प्रक्षेपण गरिएको छ ।

३. रोयल्टी खर्च
रोयल्टी खर्चको गणना विद्युत ऐन, २०४९ बमोजिम तल उल्लेख भए अनुसार रहेको प्रक्षेपण गरिएको छ :
क्षमता बमोजिम रोयल्टी : रु. १००/मेगावाट
आम्दानी बमोजिम रोयल्टी : बिलको राजश्वको २ प्रतिशत
रोयल्टीको खर्चहरुलाई समूहवद्ध बमोजिम बिक्रीको लागत अनुसार (as required in NFRS)

४. वित्तीय खर्चहरु
कम्पनीले भुक्तानी गर्ने ब्याजहरु तिर्न बाँकी ऋण रकमको वार्षिक ९.० प्रतिशतको दरले गणना गरिएको छ ।

५. कर्मचारीहरुको बोनश
बोनश ऐन, २०३० र विद्युत ऐन, २०४९ अनुसार विद्युत उत्पादन गर्ने कम्पनीले नाफाको २% कर्मचारी बोनस बापत व्यवस्था गर्ने प्रक्षेपण गरिएको छ ।

६. अन्य खर्चहरु
अन्य खर्चहरु वार्षिक ८ प्रतिशतको दरले बढ्ने प्रक्षेपण गरिएको छ ।

७. नेपाल विद्युत प्राधिकरणबाट प्राप्त हुन बाँकी रकमको गणना गर्दा दुई महिनाको अवधिलाई आधार मानिएको छ ।

८. अन्य प्राप्त हुन बाँकी रकम
आम्दानी बढेको आधारमा अन्य प्राप्त हुने रकम समेत वृद्धि हुने प्रक्षेपण गरिएको छ ।

९. मौज्दात
आम्दानी बढेको अनुसार बढ्ने प्रक्षेपण गरिएको छ ।

१०. रोयल्टी तिर्नुपर्ने
चार/चार महिना गरी वर्षको तीन पटक रोयल्टी तिर्ने प्रक्षेपण गरिएको छ ।

११. अन्य तिर्नुपर्ने
अन्य तिर्नुपर्नेहरु वृद्धि दर बढे अनुसार बढ्ने प्रक्षेपण गरिएको छ ।

१२. स्थिर सम्पत्ति
कुनै पनि स्थिर सम्पत्ति थप हुने छैन र कुनै पनि फरक भएमा त्यो स्थिर सम्पत्तिको मर्मत अन्तर्गत पर्ने प्रक्षेपण गरिएको छ ।

१३. अनुदान पाउने
कम्पनीले आर्थिक वर्ष २०७७/७८ मा प्रति मेगावाट रु.५५ लाख अनुदान पाउने प्रक्षेपण गरिएको छ ।

१४. प्राथमिक निष्काशनबाट प्राप्त रकम
प्राथमिक निष्काशनबाट प्राप्त भएको रकम कम्पनीले दिर्घकालिन ऋण चुक्ता गर्न तथा आयोजनाको अन्य संचालन खर्च गर्नका लागि प्रयोग गरिनेछ ।

१५. प्राथमिक निष्काशनबाट प्राप्त प्रिमियम रकम
प्राथमिक निष्काशनबाट प्राप्त हुने रु. २०/- बराबरको प्रिमियम रकम आयोजन प्रभावित क्षेत्रका बासिन्दाहरु बाहेकबाट उठ्ने प्रक्षेषण गरिएको छ ।

१६. ह्रास कट्टी
स्थिर सम्पत्तिको ह्रास कट्टी सम्पत्तिको जीवन अवधि अनुसार गणना गरी समदर प्रणाली (Straight Line Method) अनुसार कट्टा गरिएको छ । जसअनुसार सम्पत्तिको जीवन अवधि निम्नानुसार कायम गरिएको छ :
जग्गा, भवन तथा उपकरण : प्रयोग गर्न सकिने अवधि अनुसार
सवारी साधन : १५ वर्ष अन्य सम्पत्ति : १० वर्ष

१७. अमूर्त सम्पत्तिहरुको परिशोधन
परियोजनामा रहेका सम्पत्तिहरुलाई अमूर्त सम्पत्तिको रुपमा गणना गरिएको छ र तिनीहरुको परिशोधन सम्पत्तिको जीवनको आधारमा गरिएको छ ।

१८. आयकर दर
यस कम्पनी आयकर ऐन, २०५८ दफा ११(३ घ) बमोजिम आर्थिक वर्ष २०८१ चैत्र मसान्तसम्म कर्पोरेट आयकर छुट रहेको छ र सो पश्चात् आर्थिक वर्ष २०८१ चैत्र मसान्त पश्चात् १२.५ प्रतिशतको दरले आयकर लाग्ने र आर्थिक वर्ष २०८६ चैत्र मसान्त पश्चात २५ प्रतिशतको दरले आयकर लाग्ने ।

१४. अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**
- आयोजनाको निर्माण कार्य सम्पन्न भई संचालनमा आइसकेकोले वित्तीय जोखिमको अवस्था नरहेको ।
- काबु बाहिरको दैवि प्रकोपको जोखिम सदा रही रहने ।
- कम्पनीमा आवद्ध शेयरधनीहरुले कबुल गरेको सम्पूर्ण रकम प्राप्त भईसकेको र बैंकबाट समेत ऋण प्राप्त गरी सकेकोले वित्तीय साधनको अभावबाट कुनै पनि जोखिम नरहेको ।
- यस परियोजना गुल्मी जिल्लाको चन्द्रकोट गाउँपालिका वडा नं ६ र ७ मा रहेको छ । यस क्षेत्रमा COVID-19 महामारीको संक्रमण हालसम्म नभेटिएको र सो को संभावना समेत हाललाई न्यून रहेको हुनाले आयोजना संचालनमा कुनै जोखिम नरहेको । साथै, भविष्यमा संक्रमणबाट हुनसक्ने जोखिमको तत्काल व्यवस्थापनका लागि कम्पनी सजग रहेको छ ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :**
- जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने जोखिम रहेको ।
- जलविद्युत आयोजनाको अध्ययनको क्रममा दीर्घकालिन तथ्याङ्क समेत अध्ययन तथा विश्लेषण गरिएको हुनाले सामान्य अवस्थामा यस्तो जोखिम नरहने ।

(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :**
नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद गर्ने सम्झौता भइसकेको हुनाले बजारको जोखिम नरहेको ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखिम :**
आयोजना पूर्ण रुपमा सम्पन्न भई संचालनमा आइसकेको हुनाले कुनै त्यस्तो जोखिम नरहेको ।

(ङ) **विदेशी विनिमयको जोखिम :**
हाल त्यस्तो जोखिम नरहेको ।

(च) **कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु :**
हाल कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी सकेकोले आयोजनाको निर्माण तथा सञ्चालनमा सो सम्बन्धी कुनै अवरोध नरहेको ।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :**
- अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट शेयर बजारमा असर परेमा शेयर मूल्यमा असर पर्न सक्ने ।
- प्रस्तावित शेयर आयोजना प्रभावित क्षेत्र गुल्मी जिल्लाका बासिन्दालाई बिक्री वितरण भएपछि ३ वर्षसम्म हक हस्तान्तरण बन्देज रहेको र उक्त समयसम्ममा हालको शेयर बजारबाट प्रत्यक्ष रुपमा तत्काललाई कम असर पर्न जाने ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :**
- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिवर्तन भएमा श्रृजना हुन सक्ने जोखिमहरु ।
- जलविद्युत उपकरणहरु आयात सम्बन्धी नितिहरु परिवर्तनबाट हुने जोखिमहरु ।

(झ) **सञ्चालन इतिहासको अभाव** : यस कम्पनी मिति २०६२/१२/०९ मा स्थापना भई मिति २०७१/१२/०९ देखि विद्युत उत्पादन गरी नेपाल विद्युत प्राधिकरणलाई विद्युत आपूर्ति गरिरहेकोले गर्दा सञ्चालन इतिहासको अभाव नरहेको ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखिम :**
- जलविद्युत आयोजना निर्माणका लागि आवश्यक टर्वाइन, स्पेयर पार्ट्स, जेनेरेटर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ प्रविधिबाट विद्युत उपकरणहरु फेजआउट भएमा ।
- जलविद्युत बाहेक अन्य श्रोतबाट विद्युत उत्पादन भएमा केही हदसम्म यस व्यवसायमा असर पर्ने जोखिम रहेको ।

(ट) **अन्य :**
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्न सक्ने जोखिमहरु ।
- सञ्चालित जलविद्युत आयोजनामा आउन सक्ने जोखिमहरु मध्ये भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षति र यसबाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरणका लागि परियोजनाको सम्पूर्ण सम्पत्तिलाई खाम्ने गरी बीमाको व्यवस्था गरिएको छ । जलवायु परिवर्तनबाट खोलामा पानीको वहावमा थपघट हुन गई तद्अनुरुप विद्युत उत्पादनमा घटबढ हुन सक्दछ । यसका लागि विद्युत उत्पादनमा कमी आएमा हर्जाना मिनाहा हुने व्यवस्था कायम रहेको छ ।

उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजनाः
जलश्रोतको हिसाबले नेपाल विश्वकै धनी देशहरुमा पर्ने कुरा सर्वविदितै हुँदा हुँदै पनि नेपालमा उर्जा शक्तिको अत्यधिक माग रहेको र सो को आपूर्ति पूर्ण रुपमा हुन नसेकेको परिप्रेक्ष्यमा उर्जाको श्रोतको रुपमा जलश्रोत नै प्रमुख र भरपर्दो श्रोत भएको देखिन्छ । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको भन्नेमा व्यवथापनको धारणा रहेको छ । उर्जा प्राप्त गर्ने विभिन्न श्रोतहरु भएता पनि पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखिम रहेको धारणा व्यवस्थापनको रहेको छ ।

बीमा सम्बन्धी विवरणहरु :
१. बीमा कम्पनीको नाम : प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड, कमलादी, काठमाडौं ।
२. बीमाले बहन गर्ने जोखिम : यस कम्पनी तथा आयोजनाको आवश्यक संरचना, मेसिन, औजार तथा उपकरणहरु
३. सम्पूर्ण सम्पत्तिहरु बीमा गरिएको कूल रकम : रु.६८९,००६,७२५/-

सि.नं.	सम्पत्तिहरुको विवरण	बीमा गरिएको रकम रु.
१.	सिभिल	३२८,३६४,१७४.९३
२.	हाइड्रोमेकानिकल	१९६,०८४,५४५.९४
३.	इलेक्ट्रोमेकानिकल	१४९,८७४,५४१.७७
४.	बिरवास सवस्टेशन	९,९७७,६१२.७१
५.	कार्यालयको क्वाटरमा रहेको हेडवोर्क (सिभिल वोर्क)	३,१०८,४९८.१०
६.	स्थिर सम्पत्ति (कार्यालयको उपकरणहरु)	१,५०७,३५१.८५
	जम्मा बीमा रकम	६८९,००६,७२५.३०

४. सम्पूर्ण सम्पत्तिहरुको कूल प्रिमियम रकम : रु. १,४४०,३९१.१६
५. Loss of Profit बाट हुनसक्ने जोखिमलाई न्युनिकरण गर्न रु. ७,००,००,०००/- रकम बराबरको बीमा गरिएको छ र सो को प्रिमियम रकम रु.११८,६७२.६० भुक्तानी गरिएको ।
६. बीमालेख जारी मिति : ०३/०४/२०२०
७. बीमालेख समाप्ति मिति : ०२/०४/२०२१

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम :
रु.१००/- प्रति शेयरको दरले निष्काशनमा प्रिमियम रु.२०/- थप गरी प्रति शेयर रु.१२०/- कायम गरिएको मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोबार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५. सकारात्मक पक्षहरु :

- आयोजनाबाट प्राप्त हुने आयमा १० वर्ष (आ.व. २०८१/२०८२ सालसम्म) आयकर छुट तथा सो पश्चात् ५ वर्षको लागि ५० प्रतिशत आयकर छुट प्राप्त भएको हुँदा लाभांश दर बढी रहेको ।
- कम्पनीसंग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।
- जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

१६. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकिया :**
यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर खरिदका लागि आवेदनकर्ताहरुबाट अत्याधिक माग भई आएको अवस्थामा प्राप्त भएका आवेदनहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ निर्देशिकामा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ । त्यसैगरी निष्काशन गरिएको अवधि भरमा समेत सर्वसाधारणहरुबाट न्यून माग भई आएको अवस्थामा बाँकी रहेको शेयर प्रत्याभूतिकर्ताबाट प्रत्याभूति सम्झौतामा उल्लेख भएको शर्त बमोजिम खरिद हुनेछ ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :**
यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि आस्बा प्रणाली तथा मेरो शेयर प्रणाली मार्फत आवेदन दिएका आवेदनकर्ताहरुलाई शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत र अस्विकृत भएको व्यहोरा उल्लेख गरी धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराईनेछ र सोही विवरणका आधारमा सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर :**
यस निष्काशनमा धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ (आस्बा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएकोले सो व्यवस्था लागू हुने छैन ।

(घ) **धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :**
यस विवरणपत्र मार्फत सर्वसाधारणको लागि जारी गरिने ४,०७,७०६ कित्ता साधारण शेयरहरुको प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, सम्बन्धी व्यवस्था अनुसार साधारण शेयरको निर्धारित समयभित्र बाँडफाँड गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता भए पश्चात आवेदन फाराममा उल्लेख भएको हितग्राही खातामा बाँडफाँडमा परेको शेयर वितरण/जम्मा गर्ने व्यवस्था मिलाईनेछ ।

(ङ) **धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण :**
निष्काशन गर्ने साधारण शेयर हाल सूचिकरण भइसकेको छैन । सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् एकैसाथ नेपाल स्टक एक्सेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता गराई शेयर खरीद बिक्रीको व्यवस्था मिलाईनेछ ।

(च) **धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण :**
निष्काशन गरिने साधारण शेयर “धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४” मा भएको व्यवस्था अनुसार साधारण शेयर (आयोजना प्रभावित क्षेत्र गुल्मी जिल्लाका स्थानीय बासिन्दा र सर्वसाधारणको बाँडफाँड गरे पश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा प्रचलित सूचीकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता गराई शेयर खरिद बिक्रीको व्यवस्था मिलाईनेछ ।

१७. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरुः

१. आयोजना प्रभावित क्षेत्र गुल्मी जिल्लाका बासिन्दाकालागि छुट्याईएको शेयरमा आवेदन दिएका बासिन्दा बाहेकका कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।
२. आवेदकले सि-आस्वा प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तीय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ ।
३. आवेदकले आवेदन दिनुपूर्व आफ्नो खाता रहेको सम्बन्धित बैंक तथा वित्तीय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा कार्य संचालन निर्देशिका, २०७४ को अनुसूची ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फारम भरी CRN नम्बर लिनुपर्नेछ ।
४. आवेदकको बैंक खातामा भएको विवरण र अनुसूची ४ मा उल्लेख गरेको विवरण मिल्नुपर्नेछ ।
५. आवेदकले CRN नम्बर प्राप्त गरे पश्चात शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तीय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनुपर्नेछ ।
६. आवेदकले आवेदन फाराममा उल्लेख गरेको हितग्राही खाता नम्बर र अन्य विवरण सि-आस्बा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरणसंग रुजु हुनुपर्नेछ ।
७. सि आस्वा मार्फत आवेदन दिने आवेदकले सम्बन्धित बैंक तथा वित्तीय संस्थाले उपलब्ध गराएको अनुसूची ४ को सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।
  क. धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम ।
  ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।
  ग. नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
  घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।
  ङ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा) ।
  च. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।
  छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।
८. आवेदकहरुले आवेदन दिंदा आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुँदैन ।
९. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनु पर्नेछ ।
१०. सर्वसाधारणको हकमा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराइएको “मेरो शेयर” सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नम्बर लिईसकेको हुनुपर्नेछ ।
११. एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
१२. धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुँदा सो कुराको जानकारी आवेदक स्वयंले बुझ्नु पर्नेछ ।
१३. धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।
१४. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात् बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।
१५. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँडमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।
१६. रु. ५,००,०००/- भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) पेश गर्नुपर्नेछ । रु.५००,०००/- भन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

१८. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :

१. कम्पनीको प्रबन्धपत्र तथा नियमावली कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्ला, हात्तिसार र यस निष्काशन कार्यका लागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिने छ ।
२. सर्वसाधारण आवेदकले कम्तीमा १० (दश) कित्ता शेयर खरीदका लागि आवेदन दिनुपर्नेछ । १० (दश) कित्ता भन्दा बढी शेयरका लागि आवेदन दिंदा १० (दश) अङ्कको गुणन संख्यामा अधिकतम सम्पूर्ण कित्ता शेयरका लागि आवेदन दिन सक्नेछन् ।

१९. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

कम्पनीले आयोजना प्रभावित क्षेत्र गुल्मी जिल्लाका स्थानीय बासिन्दाका लागि र सर्वसाधारणको लागि निष्काशन गरी प्राप्त रकम कर्जा भुक्तानीका लागि प्रयोग गर्नेछ ।

२०. विवरणपत्र, दरखास्त फारम पाइने र दरखास्त साथ रकम बुझाउने स्थानहरु :

क्र.सं.	दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :
१.	एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं, वेबसाइट www.nmbcl.com.np
२.	रु रु जलविद्युत परियोजना लिमिटेड, हात्तिसार, काठमाडौं, वेबसाइट www.ruruhydro.com

क्र.सं.	दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान :
१.	नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु ।

२१. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस सार्वजनिक निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक (Banker to the Issue) को रुपमा नियुक्त गरिएको छ ।

सि.नं.	नाम, ठेगाना	खाता नं.
१.	एनएमबि बैंक लिमिटेड, बबरमहल, काठमाडौं	००१००६०००५४०१००००२३७

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरु तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत यस शेयर निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

२२. धितोपत्र बिक्री खुल्ला अवधि :

यस विवरणपत्रद्वारा सर्वसाधारणको लागि निष्काशन गरिने शेयर खरीदका लागि आवेदन दिने अवधि कम्तीमा ४ कार्य दिन र बढीमा १५ दिन खुल्ला रहनेछ ।

२३. क्रेडिट रेटिङ्ग सम्बन्धमा :

बोर्डबाट क्रेडिट रेटिङ्ग सम्बन्धी कार्य गर्न अनुमति प्राप्त संस्था इक्रा नेपाल (ICRA NEPAL) ले मिति २०७७/०४/१५ गते यस रु रु जलविद्युत परियोजना लिमिटेडलाई "ICRANP-IR BBB" प्रदान गरेको छ र सो को अवधि एक वर्ष रहनेछ । ICRANP-IR BBB pronounced as ICRA NP issuer rating Triple B रेटिङ्गले समयमा नै वित्तीय दायित्व पुरा गर्ने मध्यम रूपको सुरक्षित (Moderate degree of safety regarding timely servicing of financial obligation) जनाउँदछ ।

२४. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । साथै गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयको फोन नं ४४३७९६० Ext. ११४ मा सम्पर्क गर्न सकिनेछ ।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकः

NMB

NMB CAPITAL
LIMITED

एनएमबि क्यापिटल लिमिटेड
नागपोखरी, काठमाडौं, नेपाल, फोन नं. ४४३७९६३, फ्याक्स नं. ४४३७९६०
E-mail: info@nmbcl.com.np Url: www.nmbcl.com.np